☎:01-6619625

सूर्यविनायक नगरपालिका
Suryabinayak Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

Ref. No.:

Date: २०७९।०८।२३

# प्रेस विज्ञप्ति

विषयः- भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा।

नेपाल सरकारले जारी गरेको भू-उपयोग ऐन,२०७६ तथा भू-उपयोग नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण गरी कार्यान्वयन गर्ने सन्दर्भमा मिति २०७९ साल असोज ४ मा बसेको स्थानीय भूउपयोग परिषदबाट स्वीकृत भूउपयोग क्षेत्र वर्गीकरणको लागि मापदण्ड स्वीकृत गरेको थियो। स्थानीय भूउपयोग परिषद्ले भू-उपयोग ऐन,२०७६ को दफा ४ को उपदफा (१) बमोजिम भूउपयोग क्षेत्र वर्गीकरण गर्ने क्रममा भू-उपयोग नियमावली, २०७९ को अनुसूची-१ को अलावा कृषि र गैरकृषि क्षेत्र तोक्दा मूख्य रुपमा सडक/बाटोको पहुँच सहित अन्य देहाय बमोजिमका आधारहरु तय गरिएको थियो।

भूउपयोग क्षेत्र वर्गीकरणका आधारहरु

अ. भूउपयोग क्षेत्र वर्गीकरणको मूख्य आधार निम्न हुनेः-

- क. विद्यमान भू-उपयोगको अवस्था
- ख. सडक/बाटोको पहुँच र सो को वर्गीकरण (चौडाईको आधारमा)
- ग. सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण
- घ. शहरी विकास योजना/आयोजना
- ङ. नियमावलीको नियम ४ बमोजिम नापी विभागबाट प्राप्त भूउपयोग नक्सा
- च. कृषि उत्पादन र उत्पादकत्वको अवस्था
- छ. भू बनौट र वातावरण तथा विपद संवेदनशिलता
- ज. औद्योगिक ग्राम/क्षेत्र, अस्पताल, रंगशाला, कभर्डहल लगायत ठूला पूर्वाधार विकास योजना,

रविन्द्र सापकोटा
प्रवक्ता

झ. पर्यटन लगायत उपक्षेत्रगत विकास योजना/आयोजना

ञ. स्थानीय माग र आवश्यकता।

सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटुन्जे, भक्तपुर बागमती प्रदेश, नेपाल

आ. भूउपयोग क्षेत्र वर्गीकरणको अन्य आधार

१. विशेष आधार तथ्यांक तथा सूचनाको रुपमा राष्ट्रिय भू उपयोग परियोजना (NLUP) लाई लिइएको।

२. आवासीय उपयोग तथा बस्ती विकासको लागि वि. स. २०५८, २०६८ तथा २०७८ को केन्द्रीय तथ्यांक विभागको जनगणनाको तथ्याङ्कलाई लिइएको।

३. यस नगरक्षेत्रमा सन् २०००, २०१० र २०२० को बस्ती विकासको क्रम (Trend) देखाउने Satellite Image र आगामी सन् २०४० सम्मको बस्ती विकासको वृद्धि दरलाई समेत आधार लिइएको।

इ. सडक/बाटोको वर्गीकरण

१. नगरक्षेत्रभित्रको सडक/बाटोको वर्गीकरण निम्नानुसार गर्नेः-

क. 'क' वर्ग - १४ मिटर वा सो भन्दा बढी चौडाई भएका सडकहरू

ख. 'ख' वर्ग - १० मिटर देखि १४ मिटर भन्दा कम चौडाई भएका सडकहरू

ग. 'ग' वर्ग - ६ मिटर देखि १० मिटरभन्दा कम चौडाई भएका सडकहरू

घ. 'घ' वर्ग - ६ मिटर भन्दा कम चौडाई भएका सडकहरू

रविन्द सापकोटा
प्रवक्ता

२. बुँदा नं २ बमोजिमको चौडाई भएको सडकले छोएको जग्गामा आवासीय तथा व्यावसायिक क्षेत्रको कायम गर्नको लागि सडक पश्चातको गहिराई तपसिल बमोजिम हुने गरी तोक्ने:-

| क्र.सं. | बाटोको चौडाई | बाटोको वर्गीकरण | कायम हुने क्षेत्र | |
|---|---|---|---|---|
| | | | व्यावसायिक | आवासीय |
| १ | १४ मिटर वा सो भन्दा बढी चौडाई | क वर्ग | १०० मिटर दायाँ बायाँ | व्यावसायिक भन्दा पछाडिको १५० मिटर दायाँ बायाँ |
| २ | १० मिटर देखि १४ मिटर भन्दा कम चौडा | ख वर्ग | ५० मिटर दायाँ बायाँ | व्यावसायिक भन्दा पछाडिको ७५ मिटर दायाँ बायाँ |
| ३ | ६ मिटर देखि १० मिटर भन्दा कम चौडाई | ग वर्ग | - | १०० मिटर दायाँ बायाँ |
| ४ | ६ मिटर भन्दा कम चौडाई | घ वर्ग र अन्य सडक/बाटो | - | ५० मिटर दायाँ बायाँ |

द्रस्टव्य:- 'अन्य सडक' भन्नाले गोरेटो/घोडेटो बाटो, साविकको राजकुलो बाटोको रुपमा रुपान्तरण भैसकेको हकमा त्यस्तो बाटो, खोल्सी/खोलाको कोरिडोरको बाटो, सार्वजनिक, पर्ति, वन क्षेत्र, सम्पदाको मापदण्डमा रहेको बाटो।

३. नापी नक्सामा बाटो नभएको तर परम्परागत रुपमा अथवा चलन चल्तीमा बाटोको रुपमा प्रयोग भएको जग्गाको हकमा नगरपालिकाको भवन निर्माण तथा घरनक्सा पास कार्यविधि, २०७८ बमोजिम सार्जमीन मुचुल्का गरी बाटो कायम भएकोमा त्यस्तो बाटो 'घ' वर्गको हुने र त्यस्तो बाटोको ५० मिटर दायाँ बायाँ आवासीय क्षेत्र हुने।

४. नगरपालिकाभित्र 'क' वर्गको सडकको १०० मिटर दायाँ बायाँ र 'ख' वर्गको सडकको ५० मिटर दायाँ बायाँ व्यवसायिक क्षेत्र तोक्ने र नगरपालिकाभित्र 'क' वर्ग वा 'ख' वर्गको सडकले छोएको जग्गामा औद्योगिक क्षेत्र तोक्न सकिने।



रविन्द्र सापकोटा
प्रवक्ता

☎:01-6619625

# सूर्यविनायक नगरपालिका
## Suryabinayak Municipality
### नगर कार्यपालिकाको कार्यालय
### Office of Municipal Executive
कटुन्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

Ref. No.: Date:...............................

ई. राष्ट्रिय महत्वका प्राकृतिक तथा भौतिक सम्पदा, अन्तरराष्ट्रिय पहिचान र मानवीय आस्था बोकेका धार्मिक एव सांस्कृतिक महत्वका स्थानहरु, शैक्षिक तथा स्वास्थ्य संस्था, सडक, कूलो, नहर, पर्यटन, औद्योगिक तथा सार्वजनिक उपयोगमा प्रयोग हुने अस्पताल, रंगशाला, कभर्डहल लगायत ठूला पूर्वाधार संरचना तथा अन्य गैर कृषि उपयोगहरू आवश्यकताको आधारमा उल्लेख गर्ने।

उ. खण्ड (अ) को बुँदा नं. २ ले नसमेटेको क्षेत्र हाललाई कृषि क्षेत्र हुने र त्यस्तो जग्गा तोकिएको मापदण्ड पूरा भएपछि स्थानीय भूउपयोग परिषदको निर्णयले आवधिक रुपमा आवश्यकतानुसार कृषि क्षेत्रबाट अन्य क्षेत्रमा भूउपयोग क्षेत्र परिवर्तन हुनेछ।

उपरोक्त मापदण्ड अनुसार स्थानीय भूउपयोग कार्यान्वयन समितिले परामर्शदाताको सहयोगमा तयार पारेको यस नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी विस्तृत प्रतिवेदन तथा भूउपयोग नक्सा यथाशीघ्र सम्बन्धित सबैको जानकारीको लागि उपलब्ध गराइने छ।

२०८१।८।२२

रविन्द्र सापकोटा
प्रवक्ता